आज मिति २०७८।०२।०७ गते प्र.जि.अ. श्री चन्द्र बहादुर शिवाकोटी को अध्यक्षतामा जिल्ला संकट व्यवस्थापन केन्द्रको देहायको उपस्थितिमा वैठक बसी देहायानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| श्री चन्द्र बहादुर शिवाकोटी, प्र.जि.अ. ,जि.प्र.का. | - अध्यक्ष |
| श्री चित्र बहादुर भट्टराई, प्र.ना.उ., जि.प्र.का, | - सदस्य |
| श्री खुम बहादुर के.सी., स.प्र.ना.उ. स.प्र.बल, नं. ४५ गुल्म | - सदस्य |
| श्री दिल बहादुर चौधरी प्र.प्र.अ., रा.अ.जि.का. | - सदस्य |
| श्री दिपेन्द्र बराल, सह-सेनानी | - सदस्य |
| श्री शोभा चौलागाई, नि.जि.स.अ., जि.स.स. | - सदस्य |
| श्री करुणा भट्टराई, नि. प्रमुख, स्वा.से.का. | - सदस्य |
| श्री गणेशप्रसाद कोइराला, स.प्र.जि.अ., जि.प्र.का. | - सदस्य सचिव |

<u>सल्लाहकार</u>

श्री पूर्ण बहादुर रोकाया, प्रमुख, जि.स.स.मुगु

<u>अन्य उपस्थिति</u>

श्री हरिजङ्ग शाही - नगर प्रमुख, छायाँनाथ रारा नगरपालीका मुगु
श्री दिल बहादुर मल्ल - प्रतिनिधि, नेकपा एमाले
श्री दान बहादुर शाही - प्रतिनिधि, नेपाली कांग्रेस
श्री विर्ख बहादुर थापा (मानव प्रकाश) - प्रतिनिधी, ने.क.पा माओवादी केन्द्र
श्री राजेन्द्र बहादुर शाही, प्रतिनिधि, जनता समाजवादी पाटी
श्री ~~सोभाकर~~ शुभाकर पौडेल- प्रमुख प्रशासकिय अधिकृत, छायाँनाथ रारा नगरपालीका मुगु
श्री जय बहादुर मल्ल - सभापति, नेपाल रेडक्रस शाखा, मुगु
श्री कमल बहादुर बुढा - अध्यक्ष, उद्योग वाणिज्य संघ, मुगु
डा. कविर राज पौडेल, स्वा.से.का. मुगु
श्री ज्ञान सिह बुढा, सि.अ.हे.व.(अ.छैठौ), स्वा.से.का. मुगु
श्री दिप बहादुर रावल, खोप सुपरभाइजर. (अ.छैठौ, स्वा.से.का. मुगु
श्री सुरेश कुमार के.सी, लेखापाल.(अ.छैठौ, स्वा.से.का. मुगु

निर्णयहरु

१) कोभिड-१९ रोकथाम र नियन्त्रणका सम्बन्धमा यस अघि का *DCCMC*,ले गरेका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

२) नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण मुगु जिल्लाको स्थानीय तहहरुमा मा पनि निरन्तर बढ्दै गएकोले यसको जोखिम को संत्रमण कम गर्न प्रमुख जिल्ला अधिकारी ज्यू बाट मिति २०७८।२।७ गते राती १२बजे सम्म लागु गरिएको निषेधाज्ञा लाई थप कडाइका साथ निरन्तरता दिन हुन भनि माग समेत आएकोले उक्त निषेधाज्ञालाई २०७८।२।१५ गते राती १२ बजे( आठ दिन )सम्म का लागि निरन्तरता दिन सिफारिस गर्ने।

३) कोभिड-१९ को जोखिम दिन प्रतिदिन बढ्दै गइरहेकोले अवस्थामा यस बाट हुन सक्ने जोखिम लाई ध्यान दिइ उद्दार कार्यको लागि जिल्ला स्थित खत्याड गाउँपालिका, सोरु गाउँपालिका र मुगुम कार्मारोङ गाउँपालिकाले यथाशिघ्र आफ्नो पालिकाको केन्द्र पायक पर्ने गरी उपयुक्त ठाउँमा हेलिप्याड बनाइ जिल्ला प्रशासन कार्यालय तथा जिल्ला कोभिड -१९ संकट व्यवस्थापन केन्द्रलाई यथाशिघ्र जानकारी गराउने ।

४) कोभिड-१९ को सम्भावित जोखिमलाई मध्यनजर गर्दै जिल्लाका चारवटै स्थानीय तहहरुले **कोभिड १९ का कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन सम्वन्धी संक्षिप्त कार्यविधी २०७६।** अनुसार कोभिड-१९को कारण मृत्यु हुने व्यक्तिहरुको शव व्यवस्थापन वा अन्त्येष्टी का लागि घाटस्थलको छनौट गरी सो को जानकारी जिल्ला प्रशासन कार्यालय मुगु लाई दिने ।

५) हालसम्म पनि जिल्लामा नयाँ भेरियन्ट सहितको कोभिड-१९ जोखिम दिनप्रति बढ्दै गरहेको अवस्थामा यसको जोखिम नियन्त्रण गर्नको लागि जिल्ला स्थित स्थानीय तहहरु, राजनैतिक दल, गैरसरकारी संघसंस्थाहरु लगायतका सरोकारवाला निकायहरु सबैले आ-आफ्नो तर्फबाट तपशिल बमोजिमका कृयाकलापहरु सञ्चालन गर्ने ।

क)प्रत्येक स्थानीय तहहरुले आफ्नो पालिकामा स्वदेश तथा बिदेशबाट आएका एवं कोभिड-१९ को शंकास्पद लक्षण देखा परेका व्यक्तिहरुको लागि परीक्षण को व्यवस्था मिलाउने,बाहिरबाट आएका मानिसहरुलाइ अनिवार्य रुपमा होम आइसोलेसनमा बस्न लगाउने र नियमित रुपमा अनुगमनमा कडाई गर्ने।

ख)भौतिक दुरी कायम गर्ने, मास्क अनिवार्य प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइजर गर्ने जस्ता जनहितमा जानकारी मूलक सूचना प्रचार प्रसार गर्नमा राजनितिक दल, गैरसरकारी संघसंस्था लगायतका सरोकारवाला निकायहरुले गरिरहने।

ग)स्थानीय तहहरुले यस अघि नै DCCMC मुगु को बैठक बाट निर्णय गरेअनुसार आफ्नो पालिकाभित्र कोभिड -१९,को जोखिम लाइ कम गर्न कडाइका साथ कार्यान्वयन गर्ने गराउने ।

६) जिल्लास्थित गैरसरकारी संस्थाहरुले कोभिड-१९ सम्वन्धी स्वाथ्य सामाग्रीहरु उपलब्ध गराई सहयोग गर्दा सो को सदुपयोग के अनुगमन समेत गरी सो को जानकारी जिल्ला प्रशासन कार्यालयमा समेत पठाउने।

७) गृह मन्त्रालय शान्ति, सरक्षा तथा अपराध नियन्त्रण शाखाको च नं ३२७०, मिति २०७८।२।६गतेको पत्र मार्फत प्राप्त हुन आएको नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८।०१।०६गतेको निर्णयानुसार कोभिड-१९ का कारण यस जिल्लाभित्र कोही कसैको मृत्यु हुन गएमा शव व्यवस्थापन खर्च को लागि अर्को व्यवस्था नभए सम्म स्थानीय तहहरुले आवश्यक व्यवस्था मिलाउने ।